# बिमा नभएको हेरचाह कार्यक्रमहरू

| मेडिकल भ्रमणहरू | गृह स्याहार सेवाहरू | औषधोपचार | प्रयोगशाला सेवाहरू | स्वास्थ्य बिमाको प्रिमियम |
|---|---|---|---|---|

यदि तपाईं वा तपाईंलाई कसैलाई एचआईभी भएको वा एचआईभी लाग्ने जोखिममा रहेको थाहा छ भने, न्युयोर्क राज्य स्वास्थ्य विभाग (Department of Health) को बिमा नभएको हेरचाह कार्यक्रमहरू (Uninsured Care Programs) ले औषधोपचार, मेडिकल सेवा र स्वास्थ्य बिमाका लागि भुक्तानी गर्न मद्दत गर्न सक्छ ।

# के-के कभर गरिन्छ ?

- एड्स औषधि सहायता कार्यक्रम (AIDS Drug Assistance Program, ADAP) ले एचआईभी/एड्सको उपचार गर्न प्रयोग गरिने औषधिहरूका लागि भुक्तानी गर्दछ।
- ADAP Plus (Primary Care) ले नामाङ्कित क्लिनिक, अस्पताल र निजी चिकित्सकको कार्यालयहरूमा मेडिकल भ्रमण (परामर्श) र प्रयोगशाला परीक्षणहरूका लागि भुक्तानी गर्दछ।
- एचआईभी गृह स्याहार कार्यक्रम (HIV Home Care Program) ले घरमा प्रदान गरिने स्वास्थ्य सेवाका लागि भुक्तानी गर्दछ।
- ADAP Plus बिमा निरन्तरता (ADAP Plus Insurance Continuation, APIC) ले लागत-प्रभावी स्वास्थ्य बिमाको प्रिमियम तिरिदिन्छ।
- प्रि-एक्सपोजर प्रोफिलेक्सिस सहायता कार्यक्रम (Pre-Exposure Prophylaxis Assistance Program, PrEP-AP) ले एचआईभी सङ्क्रमण रोक्नका लागि प्रि-एक्सपोजर प्रोफिलेक्सिस औषधिहरूको प्रयोगसँग सम्बन्धित मेडिकल र प्रयोगशाला परीक्षणहरूका लागि भुक्तानी गर्दछ।

# कसले आवेदन दिन सक्छ?

न्युयोर्क राज्यमा बसोवास गर्ने व्यक्तिहरू:

- जो एचआईभी पोजिटिभ छन् वा एचआईभी लाग्ने जोखिममा छन्;
- जो निश्चित आय मार्गदर्शनभित्र पर्दछन्;
- जो स्वास्थ्य सेवा कभरेज (बिमा) मा पहुँच राख्न असमर्थ किशोरकिशोरी उमेरका छन्;
- जसले बिमा गरेका छन् र सह-भुक्तानी र कटौतीयोग्य रकमका लागि भुक्तानीमा मद्दत चाहिन्छ;
- जसलाई प्रिमियम वा Medicare Part D को आफ्नो तर्फबाट तिर्नुपर्ने लागत भुक्तान गर्न मद्दत चाहिन्छ

## थप जानकारीका लागि:

## यस टोल-फ्री नम्बरमा फोन गर्नुहोस्:

1-800-542-2437 वा 1-844-682-4058
सोमबार – शुक्रबार, बिहान 8:00 बजेदेखि बेलुकी 5:00 बजेसम्म
टी.डी.डी: 1-518-459-0121
Hablamos español.

## हामीलाई यस ठेगानामा पत्र लेख्नुहोस्:

The Uninsured Care Programs
Empire Station
P.O. Box 2052
Albany, NY 12220-0052

## अनलाइन हेर्नुहोस्:

यहाँबाट आवेदन फाराम डाउनलोड गर्नुहोस्:
www.health.ny.gov/diseases/aids/resources/adap/index.htm

## एचआईभीसँग सम्बन्धित सबै जानकारी पूर्ण गोप्य राखिने छ!

health.ny.gov
facebook.com/NYSDOH
twitter.com/HealthNYGov
youtube.com/NYSDOH

NEW YORK STATE | Department of Health

21380 (Nepali)

7/19